बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०६ संख्या : ०१ भाग : ०१ प्रकाशित मिति :२०७९/११/०८

## बैजनाथ गाउँपालिका शिक्षा ऐन (पहिलो संशोधन), २०७९

गाउँसभाबाट स्वीकृत मिति :२०७७/१२/०२

पहिलो संशोधन मिति : २०७९/१०/०५

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७९/१०/१५

## परिच्छेद– १
## प्रारम्भिक

१. मूल ऐनको दफा १.संछिप्त नामर प्रारम्भको उपदफा १ मा तपसिल बमोजिम संशोधन गर्ने

(१) यस ऐनको नाम "बैजनाथ गाउँपालिका शिक्षा ऐन(पहिलो संशोधन), २०७९" रहेको छ ।

२. दफा १२ को उपदफा (३) को व्यवस्थामा मनोनित सदस्यहरुले आफ्नो पदीय आचरण पूरा नगरेमा भन्ने शब्दावलीको पछाडी **"गाउँ शिक्षा समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित भएमा"** भन्ने शब्दावली थप गर्ने ।

३. दफा २४ मा शिक्षक तथा कर्मचारीको नियुक्ति सरुवा, बढुवा तालिम वा वृति विकासका लागि शिक्षक तथा कर्मचारीको नियुक्ति भएको व्यवस्था,

१. विद्यालयमा रिक्त दरबन्दी राहत शिक्षक र राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तीको व्यवस्था देहाय बमोजिमको छनोट समितिबाट हुनेछ

क. सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष- संयोजक

ख. गाउँपालिकाको शिक्षा प्रमुख/शिक्षा अधिकृत - सदस्य

ग. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**दफा ३.१ को सट्टामा तपसिल बमोजिम संशोधन गर्ने ,**

(१) विद्यालयमा रिक्त दरवन्दी, राहत शिक्षक, अनुदान शिक्षक, बिद्यालय कर्मचारी पदमा छनौट सम्बन्धि गाउँ पालिकाले कार्यविधि निर्माण गरि कार्यविधिले तोके बमोजिम गरिनेछ ।

४. दफा ६७ मा भएको "दुई तिहाई बहुमत" शब्दको सट्टा "सामान्य बहुमत" शब्द कायम गर्ने ।

आज्ञाले,
गंगाराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-**
**घरेलुदर्ता नं. ११९/४६१४/२०७०/२०७१**